पत्रसंख्या : शा.रे.डे.बै.लि./२०७८/०७९/.१०५८

**मिति : २०७८/०८/०८**

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**बिषय : तेह्रौ वार्षिक साधारण सभा बस्ने प्रयोजनार्थ शेयरधनी दर्ता किताव बन्द हुने सम्वन्धमा ।**

**महोदय,**
उपरोक्त सम्वन्धमा यस बिकास बैंकको मिति २०७८ मंसिर ७ गते सांझ ५.०० बजे बसेको सञ्चालक समितिको २४६औं बैठकको निर्णयानुसार यस विकास बैंकको तेह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०७८/०८/१७ गते देखी २०७८/०८/२९ गतेसम्म शेयरधनी दर्ता किताव वन्द रहने व्यहोरा जानकारीको लागी अनुरोध गर्दछौं ।

साथै, तेह्रौं वार्षिक साधारण सभा सम्वन्धी सूचना मिति २०७८/०८/०८ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको व्यहोरा समेत अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०७८ साल मंसिर २९ गते, बुधवार (तद्नुसार डिसेम्बर १५, २०२१) ।
समय : बिहान ११ : ०० बजे ।
स्थान : महाराजा रिसोर्ट प्रा.लि., बुटवल उप–महानगरपालिका ११, रुपन्देही ।

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

१. आ.ब. २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०७७/०७८ को नाफा वा नोक्सान विवरण, नगद प्रवाह लगायतका वित्तीय विवरणहरु पारित गर्ने ।
३. आर्थिक बर्ष २०७८/०७९ को लेखापरिक्षण गर्न लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूंजीको ०.५७ प्रतिशतले हुने रकम रु. १,९६,०७,६३७/१२ (अक्षरमा एक करोड छयानब्बे लाख सात हजार छ सय सैंतीस र पैसा बाह्र मात्र) नगद लाभांश (कर प्रयोजनका लागी) वितरण गर्न स्विकृत गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूंजीको १०.९३ प्रतिशतले हुने रकम रु. ३७,२५,४५,१०५/२५ (अक्षरमा सैंतीस करोड पच्चीस लाख पैंतालीस हजार एक सय पांच र पैसा पच्चीस मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही बमोजिम जारी तथा चुक्ता पूंजी बृद्धि गरी प्रबन्धपत्रको सम्वन्धित दफा संशोधन गर्ने ।
२. सञ्चालक समितिमा सञ्चालकको संख्या र समूहगत प्रतिनिधित्वमा परिवर्तन गरी सोही बमोजिम नियमावलीको सम्वन्धित नियम संशोधन गर्ने ।

SHINE RESUNGA DEVELOPMENT BANK LTD.

३. सञ्चालक समितीका अध्यक्ष तथा सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुबिधाहरु पुनरावलोकन गरी सोही बमोजिम नियमावलीको सम्वन्धित नियम संशोधन गर्ने ।

४. यस शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

५. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

**भवदीय,**

SHINE RESUNGA
DEVELOPMENT BANK LTD.

.....................
प्रकाश पौडेल
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव